# वेवारिसे शिशु व्यवस्थापन समिति
# माईजोगमाई गाउँपालिका नयाँबजार, इलाम

प.सं.

च.नं. मिति:२०८०/१०/१९

सूचना!! सूचना!! सूचना!!!

विषयः इच्छुक व्यक्ति तथा परिवारले प्रस्ताव पेश गर्ने १५ दिने सूचना
प्रकाशन मिति:२०८०/१०/१९

यस माईजोगमाई गाउँपालिकाको वडा नम्बर ३ स्थित गुप्तिको एक ओडारमा मिति २०८०/०९/२७ गते अन्दाजी १७ बजेको समयमा अन्दाजी ३-४ दिनको शिशु फेला परेको र उक्त शिशु हाल जिल्ला स्थित जिल्ला अस्पताल इलाम मा यस माईजोगमाई गाउँपालिका, जिल्ला प्रशासन कार्यालय इलाम, प्रहरी प्रशासन, नागरीक समाज लगायत स्थानीय र सम्बद्ध सम्पूर्ण निकायको पहलमा हेरचाह भई रहेको र यस माईजोगमाई गाउँपालिकाको मिति २०८०/१०/०२ गते बसेको ३२औ कार्यपालिकाको बैठकले **वेवारिसे शिशु व्यवस्थापन गर्न बनेको कार्यविधि २०८०** लाई पारीत गरी लागु गर्ने निर्णय भए बमोजिम उक्त कार्यविधिको अनुसूचि १ बमोजिम वेवारिसे शिशु माथि दाबी गर्न सक्ने व्यक्ति परिवार वा नजिकको नातेदारले दाबी गर्न पाउने व्यवस्था रहेकोमा मिति २०८०/१०/०२ गते प्रकाशन गरीएको सूचनामा मिति २०८०/१०/१७ गते सम्म कुनै पनि आवेदन नपरेको हुँदा वेवारिसे शिशु व्यवस्थापन गर्न बनेको कार्यविधि २०८० बमोजिमको समितिको मिति २०८०/१०/१८ गते बसेको बैठकको निर्णयको आधारमा सो कार्यविधि बमोजिम अनुसूचि-२ को सम्पूर्ण प्रकृया पुरा गरी इच्छुक व्यक्ति तथा परिवारले आवेदन पेश गर्नको लागि यो १५ दिने सूचना जारी गरीएको व्यहोरा जानकारी गराईन्छ। साथै उक्त अनुसूचि २ यसै साथ राखिएको व्यहोरा समेत जानकारी गराईन्छ। सो **वेवारिसे शिशु व्यवस्थापन गर्न बनेको कार्यविधि २०८०** यस माईजोगमाई गाउँपालिकाको web sit: maijogmaimun.gov.np मा समेत राखिएको व्यहोरा समेत जानकारी गराईन्छ।

कुश बहादुर थेबे
संयोजक
वेवारिसे शिशु व्यवस्थापन समिति

## अनुसूची २

### वेवारिसे शिशु लिन चाहने ईच्छुक व्यक्ति वा परिवारले माईजोगमाई गाउँपालिकामा दिने निवेदन

श्री संयोजक ज्यू,
वेवारिसे शिशु व्यवस्थापन समिति, माईजोगमाई,
इलाम

। महोदय

प्रस्तुत विषयमा माईजोगमाई गाउँपालिका क्षेत्रको ........स्थानमा मिति २०.... मा फेला परेको/वेवारिस भएको बच्चा जिल्ला ..... .गा.पा./न.पा ........ वडा ...... गाउँ/टोल..... बस्ने श्री....... को नाति/नातिनी श्री...............को छोरा/छोरी............वर्षको म

श्री................ लाई सो बालक बालिकालाई मेरो/हाम्रो राजी खुशीले धर्मपुत्र/धर्मपुत्रीको रुपमा ग्रहण गरी आफ्नो गच्छेअनुसार पालनपोषण गर्न इच्छा भएकालै तपसिलअनुसारका कागजात/प्रमाणसहित गाउँपालिकाको दस्तुर रु.२५०० (अक्षरेपी रु. दुइ हजार पाँच सय) मात्र (फिर्ता नहुने गरी) सहित निवेदन पेश गरेको छु/छौं ।

**तपसिल**

१. नेपाली नागरिकता तीन पुस्ते खुल्ने प्रमाण ।
२. सन्तान नहुने खुल्ने प्रमाण (वडाको सिफारीस र मेडिकल रिपोर्ट)
३. विवाह दर्ता प्रमाणपत्र
४. भविष्यमा बच्चा जन्मन सक्ने वा नसक्ने सो को मेडिकल प्रमाण
५. घरपरिवारको पारिवारिक विवरण
६. बाल बच्चा लालन पालन गर्ने पारिवारिक सहमतिको लिखत (नोटरी पब्लिकबाट प्रमाणित)
७. परिवारमा आमा, बुबा, दाजु भाई, दिदिबहिनी, बाजेबजै वा अन्य सदस्यको मंजुरनामा (आफू बस्ने वडाको वडा अध्यक्ष र सचिवको रोहवरमा गरिएको) ।
८. बच्चा बालिक नभइन्जेलसम्म सम्पत्ती माथिको हक सुरक्षित रहन स्थानीय अदालतमा १ हाप्तभित्र प्रकिया प्रारम्भ गर्ने प्रतिवद्धता पत्र ।
९. सम्पत्तीको विवरण (खेतवारी, घर घडेरीको लालपूर्जा, ऋण, लगानी, व्यापार, वित्तीय कारोवार, शेयर र चल अचल सम्पत्तीको विवरण) ।
१० आफ्ना सन्तान भएर पनि धर्मपुत्र धर्मपुत्री ग्रहण गर्न चाहनेका हकमा उपयुक्त कारण र थप लिखित प्रतिवद्धता पत्र ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो । झुठो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

११. आवश्यक अन्य विवरणहरू ।

| | |
|---|---|
| निवेदकको नाम थर : | निवेदकको पति/पत्नी वा एकाघरका सदस्यको नाम थर |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| औँठा छाप | औँठा छाप |

| दाया | बाया | दाया | बाया |
|---|---|---|---|
| | | | |